**National News**
**ALL INDIA RADIO GANGTOK**

**BROADCAST: 19:25 hrs** **Date: 24.06.2025**

---

***प्रस्तुत छ प्रमुख समाचार :-***

***प्रधानममन्त्री नरेन्द्र मोदीले ओपरोशन सिन्दूरले आतंकवादलाई कदापि सहन न गर्ने भारतीय नीतिबारे विश्वलाई कढ़ा सन्देश दिएको भन्नुभएकोछ।***

***अमेरीकाका राष्ट्रपति डोनाल्ड ट्रम्प ले सोशल मीडियामा एक ताजा पोष्ट मा, इजरायल र ईरान बीच संघर्ष विराम लागू रहेको, भन्नुभएकोछ।***

***ओपरेशन सिन्धु अन्तर्गत तीन श्रीलंकाली र दुई नेपाली नागरिकहरू लगायत जम्मा 286 जनालाई आज अपराहन इरानबार दिल्ली ल्याइएकोछ।***

***कर्मचारी भविश्य निधि संगठन इ पि एफ ओ ले अग्रिम दाजीहरूका लागि स्वत निपटान राशिको सीमालाई एक लाख देखि बढ़ाई पाँच लाख रूपियाँ गरिने निर्णय गरिएको भनेकोछ ।***

***भालाफेकमा विश्व चैम्पियन नरीज चोपढ़ाले आज राति चैक गणराज्यमा प्रतिष्ठित ओस्तावा गोल्डल स्पाइन 2025 ऐथलेटिक्स प्रतिस्पर्धामा भाग लिनेछन्।***

---

***प्रधानमन्त्री शताब्दी***

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएकोछ, ओपरोशन सिन्दूरले आतंकवादलाई कदापि सहन न गर्ने भारतीय नीतिबारे विश्वलाई कढ़ा सन्देश दिएकोछ। प्रधानमन्त्री देशका दुई महान आध्यात्मिक र नैतिक व्यक्तिहरू श्री नारायण गुरू तथा महात्मा गांधीको बीच भएको ऐतिहासिक संवादबारे आज नयाँ दिल्लीमा आयोजित शताब्दी समारोहलाई सम्बोधित गर्दै हुनुहुन्थ्यो। उहाँले भन्नुभयो, हाम्रा नागरिकहरूलाई नोक्सानी पुर्‍याउनेहरूका लागि कुनैपनि स्थान अब सुरक्षित छैन भनि भारतले स्पष्ट गरेकोछ। श्री मोदीले भन्नुभयो, देशका रक्षा निर्णयहरू अब राष्ट्रीय इतिहासका विषयहरूलआई ध्यानमा राखेर लिइन्छन्।

प्रधानमन्त्रीले भन्नुभयो, एक शताब्दी अघि, शिवगिरी गांधीका बीच भएको ऐतिहासिक वार्तालापले स्वतन्त्रता आन्दोलनलाई नयां दिशा दिएको थियो जसले गर्दा विकसित भारतका लागि राष्ट्रलाई प्रेरणा प्राप्तभयो। श्री नारायण गुरूका आदर्श मानवताका लागि अमूल्य धरोवर हुन, उहाँले भन्नुभयो। श्री मोदीले समावेशी विकासका लागि सरकारको प्रतिबद्धता दोहर्‍याउनुभयो अनि भन्नुभयो, प्रधानमन्त्री आवास योजना अन्तर्गत लाखौं गरीब र दलितहरूले सबै मूलभूत सुविधा युक्त पक्का घरहरू दिइएका छन्। यी आवास मात्र भई, गरिमा र सशक्तिकरणका प्रतीक पनि हुन, उहाँले भन्नुभयो।

केन्द्रिय मन्त्री जोर्ज कुरियन, सांसद अपूर प्रकाश र शिवगिरी मठका सन्तहरूले पनि कार्यक्रमलाई संबोधित गरे। श्री नारायण गुरू र श्री महात्मा गांधी बीच ऐतिहासिक संवाद 12 मार्च, 1995 मा महत्मा गांधीको यात्राको बेला, शिवगिरी मठमा भएको थियो। यो कुराकानी बैकोम सत्याग्रह, धर्मतरण, अहिन्सा, आस्पृश्यता, उन्मूलन, मोझ प्राप्ति दलि उद्घाटन जस्ता विषयहरूमा केन्द्रित थियो।

---

***राजनाथ- एस सि ओ बैठक***

रक्षा मन्त्री राजनाथ सिंहले शंघाई सहयोग संगठन- एस सि ओ रक्षा मन्त्रीहरूको बैठकमा उच्चस्तरीय भारतीय प्रतिनिधिमंडलको नेतृत्व गर्नुहुनेछ । भोलि देखि चीनको चिगदाओमा बैठक शुरूहुनेछ ।

---

***नीरज चोपढ़ा***

भालाफेकमा विश्व चैम्पियन नीरज चोपढ़ा आज गति चैक गणराज्यमा प्रतिष्ठित ओस्ड्रावा गोल्डन स्पाइक 2025 ऐथलिटिक्स मिट मा भाग लिनेछन् । स्पर्धा समपानुसार राति दस बजेर 30 मिनिटमा शुरूहुनेछ ।

---

***इरान- इजरायल***

इजरायल रक्षा बल- आई डि एफ ले अमेरीकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा युद्ध विरामको घोषणा भए तापनि ईरानले मिसाइलहरू दागेको दावी गरेकोछ । इजरायलले, इरानसित दिपक्षीय युद्ध विराममा सहमति जनाएको केही समय पछी नै यसो भएको हो ।

इजरायली मीडियाले के भनेको छ भने, इजरायलका रक्षामनत्री ईरान माथि अमेरीका र कतरको मध्यस्थतामा भएको संघर्ष विरामको उल्लंघन गर्ने आरोप लगाएपछी राजधानी तेहरान माछि तीव्र हमलाको आदेश दिनुभएकोछ । यसैवीच, इरानका सशस्त्र बलका जनरल स्टाफले राज्य मीडिया द्वारा गरिएको एक संक्षिप्त बयानमा इजरायल माथि पछिल्ला केही घटामा मिसाइलहरू दागेको, इजरायलको दावीको खडन गरेकोछ ।

इजरायलले ईरानसित युद्ध विरामका लागि अमेरीकी राष्ट्रपति डेनाल्ड ट्रम्प को प्रस्तावमा सहमति जनाएको थियो । प्रधानमन्त्री बेन्यामिन नेतनयाहूको कार्यलयको तर्फबाट जारी बयानमा भनिएकोछ, तेहरानले परमाणु अनि बैलिस्टिक मिसाइलको खतराबाट टाढिने आफ्नो लक्ष्यलाई प्राप्त गरेपछी युद्ध विरामको लागि सहमति जनाएकोछ । बयानमा ईरानी परमाणु खतरालाई समाप्त पार्नमा समर्धन र भागीदारीलाई संयुक्त राज्य अमेरीकालाई पनि धन्यवाद दिइएकोछ । युद्ध विरामको कुनैपनि उल्लंघनको इजरायलले कढ़ा जवाफ दिनेछ भनि पनि श्री नेतन्याहूले भन्नुभयो । आज बिहान श्री ट्रम्पले इजरायल र ईरान बीच युद्ध विराम लागू भएको र दुवै देशहरूसित यसको उल्लंघन न गर्न भन्नुभयो ।

---

***आपरेशन सिन्धु***

ओपरेशन सिन्धु अन्तर्गत तीन श्रीलंकाली र दुई नेपाली नागरिकहरू लगायत- जम्मा 286 जना आज अपराहन ईरानबाट दिल्ली हवाई अड्डा आई पुगे । केन्द्रिय विदेश राज्य मन्त्री पवित्रा मार्गरिटाले भन्नुभयो उद्धार गरिएकाहरूलाई सबै सहायता र समर्धन उपलब्ध गराउन सरकार प्रतिबद्धछ । उहाँले भन्नुभयो, इरानबाट यो एघारौं बेटेक आई पुगेको हो अनि अहिले सम्म भारतमा 2 हजार 580 मानिसहरू, इरानबाट ल्याइएकाछन् उहाँले थप भन्नुभयो, छिमेकी देशका छ नागरिकहरू लगायत इजरायलबाट तीन विमानहरूमा 594 भारतीयहरूलाई स्वदेश ल्याइएकोछ ।

---

***मनसुख- इ पि एफ ओ***

कर्मचारी भविष्य निधि संगठन इ पि एफ ओ ले भनेकोछ, अग्रिम दावीहरूका लागि स्वत निपटान राशिको सीमालाई एक लाख देखि बढ़ाएर पाँच लाख रूपियाँ गरिने निर्णय लिइएकोछ । यो राषि लाभार्थीहरूलाई, 72 घण्टा भित्र नै प्रदान गरिनेछ । केन्द्रीय श्रम तथा रोजगार मन्त्री मनसुख मांडवियाले एक सोशल मीडिय पोस्टमा यसको जानकारी दिँदै यो पाईला, मानिसहरूको हितमा रहेको, भन्नुभयो।

---

***सरकार- फसलवार***

सरकारले फसलहरूको अपज बढ़ाउनका लागि बिहीबार देखि फसलबार  अभियान शुरू गर्नेछ। आज नयां दिल्लीमा कृषि अनि किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले यो अभियान, मध्येप्रदेशको इंदौरबाट, सोयाबीनबाट शुरू हुनेछ, भन्नुभयो । उहाँले भन्नुभयो, अभियानको अवधिमा, किसान, बैज्ञानिक र संबधित पक्षहरू संगै बसी, सोयाबीनको उत्पादक बढ़ाउने विषयमा विचार विमर्श गर्नेछन्।

---

***ताइवान- चीनी विमान***

ताइवानको रक्षा मन्त्रालयले आज बताएकोछ उसका क्षेत्र वरिपरि चीनी पिपल्स लिबरेशन आर्मी का 12 विमान र नौसेनाका सात जहाजहरूको गतिविधि देखिएकोछ। यस अघि पनि घुसपैठका यस्ता गतिविभिहरू देखिएका थिए। ताइवानको रक्षा मन्त्रालयले भनेकोछ, चीनको यो सैन्य घुसपैठबारे 3 सचेत भएर चीन माथि नजर राखि रहेकोछ।

---